# रतुवामाई नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

सिजुवा, मोरङ १ नं. प्रदेश, नेपाल

### निर्माण कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/१२/११ गते**

यस नगरपालिका अन्तर्गत निम्न लिखित कार्यहरू शिलबन्दी बोलपत्रको माध्यमबाट गराउनुपर्ने भएकोले सम्बन्धित कार्यको लागि निम्न लिखित शर्तहरूको अधिनमा रही कार्य गर्न राष्ट्रियस्तरको शिलबन्दी बोलपत्र आवहान गरिएको छ ।

शर्तहरू

१.बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मिति देखि ३० औं दिन सम्म यस कार्यालयको नाममा मेगा बैंक लि, विराटनगर शाखामा रहेको संचित कोष खाता न. ००८००१००८९७२९ मा प्रत्येक बोलपत्र वापतको रकम रू ३०००।०० नगद जम्मा गरेको सक्कल बैंक भौचर संलग्न गरी चालु आ.व. को लागि नवीकरण भएको निर्माण व्यवसायी दर्ता प्रमाणपत्र, भ्याट, प्यान दर्ता प्रमाणपत्र, अध्यावधिक कर चुक्ता प्रमाणपत्र(सबै प्रमाणपत्रहरूको प्रतिलिपी),कालो सुचीमा नपरेको स्वयं घोषणा पत्र संलग्न राखी,सक्कल अख्तियारनामा सहित, बोलपत्र फारामको निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।

२. शिलबन्दी बोलपत्र साथ रतुवामाई नगरपालिका, सिजुवाको नाममा मेगा वैक, सिजुवा शाखामा रहेको धरौटी खाता न. ००८००१००८९७५१ मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको नेपाल राष्ट् बैंकबाट क वर्गको मान्यता प्राप्त बैंक बाट रतुवामाई नगरपालिका, मोरंगको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट ९० दिन सम्म म्याद भएको पेश गर्नु पर्नेछ । बैंक मार्फत बोलपत्र जमानत पेश गर्नेहरूको हकमा कार्यालयबाट निर्दिष्ट गरिएको बोलपत्र जमानत फारम अनुसारनै पेश भएको मात्र मान्य हुनेछ ।

३.बोलपत्र फाराममा अधिकार प्राप्त व्यक्तिले छाप र दस्तखत गरी सुचना प्रथम पटक प्रकाशन भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा वुझाउनु पर्नेछ ।

४.बोलपत्र खोल्ने कार्य माथि विवरणमा उल्लेखित समयमा उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधीहरूको रोहबरमा बोलपत्र फाराममा उल्लेख भएको मिति र समयमा यस कार्यालयमा खोलिने छ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि तोकिएको मिति र समयमा बोलपत्र खोलिने छ । बोलपत्र फाराम खरिद गर्ने तथा दाखिला गर्ने र खोल्ने दिन विदा परेमा सो कार्य सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

५. यस कार्यालयबाट प्राप्त गरेको बोलपत्र फाराममा उल्लेखित प्रत्येक कार्यको छुटटाछुटै शिलबन्दी बोलपत्र भरी प्रति इकाइ दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ । अंक र अक्षरमा फरक दर भएको पाईएमा अक्षरमा उल्लेखित दरलाई मान्यता दिईनेछ ।

६. म्याद नाघि आएको वा रित नपुगेको वा विभिन्न शर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. एक फर्मको नाममा खरीद गरिएको बोलपत्र फाराम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाईने छैन ।

८. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संशोधन सहित) तथा नियमावली २०६४ (संशोधन सहित) तथा प्रचलित स्थानीय तह कानून बमोजिम हुनेछ ।

९. बोलपत्र सम्बन्धी विवरणमा संशोधन गर्नुपर्ने भएमा संशोधन सम्बन्धी जानकारी यस कार्यालयको सुचना पाटीमा टास गरिनेछ ।

**तपसिल**

| सि.न | शिलवन्दी बोलपत्र/ ठेक्का नं. | विवरण | लागत अनुमान मु.अ.कर बाहेक रू. | बोलपत्र बापत जमानत रकम रू. |
|---|---|---|---|---|
| 1. | Rmun/20/075-076 | सडक कालोपत्रे, छालगाछी -चौकीघाट, रतुवामाई ३ | 63,45,936.26 | 1,80,000 |
| 2. | Rmun/21/075-076 | सडक कालोपत्रे, डोरिया देखी झुर्किया, रतुवामाई २, ३ | 57,51,175.18 | 1,65,000 |
| 3. | Rmun/22/075-076 | सडक कालोपत्रे, सोनापुर-हटियाडाँडा, वडा नं. १ | 83,26,372.83 | 2,40,000 |
| 4. | Rmun/23/075-076 | कृषि वजारका लागि कृषि संकलन केन्द्र निर्माण, रतुवामाई-४, झुर्किया | 94,91,150.44 | 2,70,000 |

प्रमुख प्रशासकीय अधिकृत

मदन धिमिरे
प्रमुख प्रशासकिय अधिकृत